# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

च.न.
प.स.२०८०/२०८१

V9F8+RM

मिति: २०८०/०४/०१

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले सामाजिक सुरक्षा नियमावली,२०७६(संशोधन सहित) को नियम ९ बमोजिम प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने व्यवस्था भए अनुसार आर्थिक वर्ष २०८०/०८१ का लागि २०८० भाद्र मसान्त भित्रसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही स्वयम उपस्थित भई सम्बन्धित वडा कार्यालयमा गई अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरणको लागि निवेदन पेश गर्नु/गराउनुहुन सरोकारवाला सबैमा जानकारीका लागि अनुरोध छ ।

**पुनश्च: तोकिएको समयमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण नभएको अवस्थामा प्रणालीबाट स्वत: लगत कट्टा हुने र लाभग्राहीहरुले सामाजिक सुरक्षा प्राप्त गर्न नसक्ने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै नवीकरण नभएका लाभग्राहीले पुन सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनु पर्ने समेत जानकारी गराईन्छ ।**

**आवश्यक कागजातहरु:-**

- सामाजिक सुरक्षा परिचयपत्र नवीकरणका लागि तोकिएको ढाँचा अनुसारको निवेदन । (सम्बन्धित वडा कार्यालयबाट उपलब्ध हुनेछ)
- नागरिता प्रमाणपत्रको प्रतिलिपि ।
- १३ अंक सहितको परिचयपत्र प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।
- विधवा/एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
- विवाह नगरी बसेका ६० वर्ष भन्दा माथिका महिलाको हकमा अविवाहित प्रमाणित प्रमाणपत्रको प्रतिलिपि ।
- अपाङ्गता भएका व्यक्तिहरुको हकमा परिचयपत्र/संरक्षकको नागरिताको प्रतिलिपि ।
- दलित बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्र/संरक्षकको नागरिताको प्रतिलिपि ।

लिलामणी वस्याल
नि. प्रमुख प्रशासकीय अधिकृत